मिक्लाजुङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः६ संख्याः १ मितिः २०७९/१०/२४

## भाग-१

## मिक्लाजुङ गाउँपालिका

## मिक्लाजुङ गाउँपालिका शिक्षा ऐन, २०७९

गाउँसभाबाट स्वीकृत मितिः २०७९/१०/२३
प्रमाणीकरण मितिः २०७९/१०/२३

**प्रस्तावना**

नेपालको संविधानले तीन तहको सरकार निर्माण गरी स्थानीय तहलाई आधारभुत र माध्यमिक तहसम्मको शिक्षालाई प्रभावकारी ढङ्गले सञ्चालन गरी शिक्षाको गुणस्तर वृद्धि गर्ने प्राप्त जिम्मेवारी पूरा गर्न र शिक्षामा आम नागरिकको पहुँच कायम गर्न स्थापना भई सञ्चालन भइरहेको र गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापकीय सुधार गर्न युग अनुकूल ज्ञान, सीप र प्रविधि सहित शैक्षिक विकास गर्न वाञ्छनीय भएकोले मिक्लाजुङ गाउँपालिकाको सभाले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले दिएको अधिकार प्रयोग गरी यो ऐन बनाइएको छ।

## प्रारम्भिक संक्षिप्त नाम र परिभाषा

**१.संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "मिक्लाजुङ गाउँपालिका शिक्षा ऐन २०७९" रहेको छ।

(२) यो ऐन मिक्लाजुङ गाउँपालिका भरि लागू हुनेछ ।

(३) यो ऐन स्थानीय तहको राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :**

(क) "गाउँपालिका" भन्नाले मिक्लाजुङ गाउँपालिका, गाउँ कार्यपालिका बुझ्नुपर्छ ।

(ख) "गाउँ सभा भन्नाले" मिक्लाजुङ गाउपालिकाको गाउँसभालाई बुझ्नुपर्छ ।

(ग) "प्रारम्भिक बाल विकास शिक्षा" भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्षको प्रारम्भिक बाल शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

(घ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालविकास केन्द्र देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ङ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि बाह्र सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(च) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अतिअशक्त शारीरिक अपाङ्गता (भिन्न क्षमता) भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनुपर्छ

(च१) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छ।

(१) दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकाहरुलाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडी पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा,

(छ) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप, दक्षता तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षालाई सम्झनुपर्छ ।

(ज) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ज१) "आधारभूत विद्यालय" भन्नाले खण्ड (घ) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनुपर्छ।

(ज२) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (घ) र (ङ) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनुपर्छ।

(ज३) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुबै शिक्षा सम्झनुपर्छ ।

(ज४) "बोर्ड" भन्नाले राष्ट्रिय परीक्षा बोर्ड सम्झनुपर्छ।

(ज५) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनुपर्छ।

(झ) "संस्थागत विद्यालय" भन्नाले व्यक्ति, संस्था वा समुदायको पहलमा स्थापना गरिएका नेपाल सरकारबाट अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ञ) "शिक्षा शाखा प्रमुख" भन्नाले गाउँपालिकाभित्र स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङ्कन गर्ने ऐन बमोजिम कार्य गर्ने अधीकृत वा तोकिएको अन्य कर्मचारी सम्झनुपर्छ ।

(ट) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यपक समेतलाई जनाउँछ।

(ठ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले दफा १२ को प्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(ड)"कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।

(ढ) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा " भन्नाले माध्यमिक शिक्षाको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ।

(ढ१) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ।

(ण) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(त) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(थ) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(द) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(ध) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्ति वा समुदायले नाफा आर्जन नगर्ने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(न) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ।

(न१) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनुपर्छ।

(न२) "इकाई" भन्नाले शिक्षा विकास तथा समन्वय इकाई सम्झनुपर्छ।

(प) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाईभर्सिटी इमिग्रेन्ट

भिसा, परमानेन्ट रेजिडेन्ट भिसा वा ग्रीन कार्ड सम्झनु पर्दछ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिसमेतलाई जनाउँछ

**३. विद्यालय खोल्न अनुमति लिनुपर्ने :**

(१) कुनै नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई माध्यमिक तहसम्मका लागि गाउँ शिक्षा समितिको सिफारिस सहित तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदनउपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी वडा शिक्षा समितिको सिफारिसमा गा.पा. शिक्षा शाखाको स्थलगत प्रतिवेदन र गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम तोकिएको अधिकारीले अनुमति दिनेछ।

(३) उपदाफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालन गरेको देखिएमा वडा शिक्षा समितिको सिफारिसमा गा.पा. शिक्षा शाखाको स्थलगत प्रतिवेदन र गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालन गरेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदनउपर आवश्यक जाँचबुँझ गर्नेछ र जाँचबुँझ गर्दा निवदेन दिने विद्यलायको माग मनासिव देखिएमा माग बमोजिम गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम तोकिएको अधिकारीले स्वीकृति दिनेछ।

(६) उपदफ (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयहरुलाई शैक्षिक गुठीका रुपमा सञ्चालन गर्न पाउने अनुमति वा स्वीकृति दिइने छैनः

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान, दात्वय दिएकोमा सो भवनमा वा त्यस्तो जग्गमा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) यस ऐन वा प्रचलित कानुमा जुनसुकै कुरा लेखिए भएतापनि विद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नुपर्नेछः

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङ्गठित संस्थाको रुपमा हुनपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तिमा सातजना र निजी गुठी भए कम्तिमा पाँचजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिएबमोजिम खडा गरी मान्यताप्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गर्नुपर्ने,

(घ) शैक्षिक गुठी तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ। तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उदेश्यबाट विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) माथि उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन कायम गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन्। तर संघीय सरकारसँग सम्झौता भएको अवस्थामा त्यस्ता विद्यालयहरुलाई आवश्यक छानबिन गरी अनुमति दिन सकिनेछ।

(११) उपदफा (८), (९) र (१०) मा उल्लेख भए बमोजिम स्थापित शैक्षिक गुठी अन्तर्गतका विद्यालयलाई नियमानुसार तोकिए बमोजिमको आवश्यक प्रक्रिया पूरा गरी सामुदायीकरण गर्न सकिनेछ।

४. **विद्यालय सञ्चालन :** विद्यालयको सञ्चालन तोकिएबमोजिम हुनेछ।

५. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी :**

(१) यस गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा, सामुदायिक सिकाई केन्द्र सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

६. **आधारभूत तह उत्तीर्ण परीक्षा समितिः**

(१) आधारभूत तह सम्मको परीक्षा सञ्चालन, समन्वय र व्यवस्थापन गर्न एक गाउँपालिका स्तरीय आधारभुत तह उत्तीर्ण परीक्षा समिति रहनेछ।

(२) आधारभूत तह उत्तीर्ण परीक्षा समितिको गठन देहाय बमोजिम हुनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) सामाजिक विकास समिति संयोजक - सदस्य

(ग) आधारभूत र माध्यमिक विद्यालयहरुका प्रधानाध्यापक वा शिक्षकहरुमध्येबाट संयोजकले मनोनित गरेको दुई जना - सदस्य

(घ) शिक्षक महासंघको अध्यक्ष - सदस्य

(ङ) संस्थागत विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरुमध्येबाट संयोजकले मनोनित गरेको एकजना - सदस्य

(च) शिक्षा शाखाको प्राविधिक सहायक कर्मचारी - सदस्य

(छ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(३) गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा समितिमा देहाय बमोजिमका व्यक्तिहरु सल्लाहकार रहनेछन्।

(क) गाउँपालिका अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष

**७. माध्यमिक शिक्षाको प्रकार :**

(१) साधारण माध्यमिक शिक्षा

(२) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

(३) संस्कृत माध्यमिक शिक्षा

(४) मातृभाषा माध्यमिक शिक्षा

**७.क. आधारभूत तहको परीक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था :**

आधारभुत तह कक्षा आँठको अन्त्यमा हुने परीक्षा पालिकास्तरमा सञ्चालन गरिनेछ।

**८. विद्यालयको पाठ्क्रम र पाठ्यपुस्तकः** विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यपुस्तक र पाठ्यक्रम लागु गर्नुपर्नेछ।

**८.क. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक :**

(१) स्थानीय तहले आधारभुत तह सम्म पढाई हुने स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तक लागु गर्न सक्नेछ।

**९. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुबै भाषा वा अन्य मातृभाषा हुनेछ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ।

(क) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

(ख) अनिवार्य अङ्ग्रेजी विषय अध्ययन गराउँदा अङ्ग्रेजी भाषामा नै गराउनु पर्नेछ।

(३) मातृभाषामा विद्यालय सञ्चालन गर्न अनुमति दिनु परेमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ। ।

**१०. शिक्षा, युवा तथा खेलकुद शाखा कार्यालय**

(१) गाउँपालिकामा एक शिक्षा, युवा तथा खेलकुद शाखा कार्यालय रहनेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयको प्रमुखको रुपमा शिक्षा अधिकृत वा तोकिएको कर्मचारी रहनेछ।

(३) शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**११. गाउँ शिक्षा समिति**

(१) गाउँपालिकाको क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि गाउँपालिकामा देहाय बमोजिमको ११ सदस्य रहेको एक गाउँ शिक्षा समिति रहनेछ।

(क) गाउँपालिकाको अध्यक्ष वा सो काम गर्न तोकिएको व्यक्ति - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक - सदस्य

(घ) शिक्षक महासंघको अध्यक्ष - सदस्य

(ङ) गाउँसभाका सदस्यहरुमध्येबाट कार्यपालिकाले मनोनित गरेका एक जना दलित र एकजना महिला सहित दुईजना - सदस्य

(च) सामुदायिक विद्यालयका वि.व्य.स. अध्यक्षहरुमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(छ) स्थानीय समाजसेवी, वुद्धिजीवि, शिक्षाप्रेमीहरुमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(ज) सामुदायिक विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरुमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(झ) संस्थागत विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(ञ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि पाँच वर्षको हुनेछ। मनोनित सदस्यहरुले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(३) गाउँ शिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

**११.क. वडा शिक्षा समितिः**

**(१) गाउँपालिकाका प्रत्येक वडामा पाँच जना सदस्य रहेको देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ।**

(क) सम्बन्धित वडाका वडा अध्यक्ष -संयोजक

(ख) वडा समितिका सदस्यहरुमध्येबाट वडा समितिको बैठकले तोकेको एकजना -सदस्य

(ग) वडा शिक्षा समितिले मनोनित गरेको सम्बन्धित वडाभित्रका शिक्षाप्रेमीहरुमध्येबाट एकजना महिला -सदस्य

(घ) संयोजकले मनोनित गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट एकजना -सदस्य

(ङ) सम्बन्धित वडामा कार्यरत वडा सचिव - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ। मनोनित सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकार वा निकायले जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**११.क.१. वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।**

**११.ख. शिक्षक छनौट समिति तोकिएबमोजिम हुनेछ।**

**११.ग. अनुगमन समिति**

**(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय बमोजिमको गाउँ पालिका स्तरीय एक अनुगमन समिति रहनेछ।**

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) सामाजिक विकास समिति संयोजक - सदस्य

(ग) सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य

(घ) शिक्षक महासंघको अध्यक्ष - सदस्य

(च) गाउँ सभा सदस्य मध्येबाट गाउँ कार्यपालिकाले तोकेका एकजना महिला - सदस्य

(छ) गाउँ शिक्षा समितिले तोकेको शिक्षा सेवीहरुमध्येबाट मनोनित गरेको एकजना महिला - सदस्य

(ज) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) अनुगमन समितिले गरेको अनुगमनको प्रतिवेदन गाउँ शिक्षा समिति समक्ष आवधिक रुपमा बुझाउनु पर्नेछ। थप काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

**११.घ. शिक्षा शाखा प्रमुख**

(क) गाउँपालिकामा शिक्षा हेर्ने एकजना शिक्षा शाखा प्रमुख हुनेछ।

(ख) शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) शिक्षा सम्बन्धी स्थानीय योजना गाउँपालिका गाउँसभाबाट पारित गराई कार्यान्वयन गर्ने गराउने,

(२) स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(३) विद्यालय जाने र विद्यालय बाहिर रहेका बालबालिकाको खण्डीकृत शैक्षिक तथ्याङ्क अद्यावधिक गरी तथा गर्न लगाइ प्रदेश र संघमा नियमित रुपमा पठाउने, अद्यावधिक गर्ने गराउने,

(४) विद्यालय सञ्चालन तथा शैक्षिक कार्यक्रम कार्यान्वयन लागि स्रोतको बाँडफाँड गर्न, गराउने,

(५) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने,

(६) सेवा क्षेत्रभित्रका शिक्षा सम्बन्धी गाउँ शिक्षा समितिले गरेको निर्णयहरु कार्यान्वयन गर्न विद्यालय नक्साङ्कन गरी सोको आधारमा विद्यालय खोल्न अनुमति प्रदान गर्ने, कक्षा थप गर्ने, विद्यालय सार्ने, दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा गाभ्ने, विद्यालयको नाम परिवर्तन गर्ने,

(७) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीको पदस्थापन गर्ने, सरुवा तथा बढुवा सम्बन्धी कार्य गर्ने, स्वीकृत दरबन्दी अनुसार तलब भत्ता निकासा गर्ने,

(८) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको विदाको अभिलेख अद्यावधिक गर्ने,

(९) वार्षिक रुपमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक कर्मचारी दरबन्दी मिलान गर्ने, विद्यालयहरुमा न्यूनतम शिक्षक दरबन्दी कायम गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(१०) विद्यालयको गुणस्तर बढाउन प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, जनप्रतिनीधि तथा अन्य सरोकारवालाहरुको नियमिति रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

(११) आधारभूत तहको परीक्षा व्यवस्थापन गर्ने, विद्यार्थी सिकाइ उपलब्धी परीक्षण गर्ने र व्यवस्थापन गर्ने, विद्यार्थी प्रोत्साहन तथा छात्रवृति व्यवस्थापन गर्ने,

(१२) सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो विषयप्रति जिम्मेवारी र जवाफदेहिता बनाउने,

(१३) शिक्षा सम्बन्धी कार्य गर्दा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्यसम्पादन गर्ने।

**११.ङ. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** नेपाल सरकार र गाउँपालिकाले सामुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिएबमोजिम सामुदायिक केन्द्र सञ्चानलन गर्नेछ।

**११.च. अध्यापन अनुमतिपत्र लिनुपर्नेः** (१) शिक्षक सेवा आयोगबाट अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदको उम्मेदवार हुन पाउने छैन।

(२) अध्यापन अनुमतिपत्र सम्बन्धी व्यवस्था आयोगले तोकिएबमोजिम गर्नेछ।

**११.छ. अनुदान कटौती नगरिनेः** नेपाल सरकार वा गाउँपालिकाले सामुदायिक विद्यालयलाई दिँदै आएको अनुदान रकममा कटौती गर्ने छैन।

तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसेकमा त्यस्तो विद्यालयलाई दिँदै आएको अनुदान रकममा तोकिएबमोजिम कटौती गर्न सकिनेछ।

**११.ज. छात्रवृतिको व्यवस्था गर्न सक्नेः** नेपाल सरकार वा गाउँपालिकाले विद्यालयमा भर्न हुने विद्यार्थीलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

**१२. विद्यालय व्यवस्थापन समिति**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका दुईजना महिला सहित जम्मा चारजना -सदस्य

(ख) विद्यालय रहेको गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरूमध्येबाट छानी पठाएको एकजना -सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) प्रविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग आवद्धहरुमध्येबाट गाउँ शिक्षा समितिले मनोनयन गरेको एकजना सदस्य रहनेछन्।

(२क) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरूमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ।

(२ख) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(२ग) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु अपाङ्गता व्यक्तिको अभिभावक र समावेश शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एकजना अपाङ्गता भएको व्यक्ति सदस्य रहनेछ।

(३) उपदफा (१) खण्ड (क) बमोजिमका सदस्यहरु छनोट गर्दा आधारभुत तह (कक्षा १-५ र कक्षा ६-८) र माध्यमिक तहमा अध्ययनरत बालबालिकाहरुको अभिभावक प्रत्येक तहबाट प्रतिनिधित्व हुने गरी सदस्य छनोट गर्नुपर्नेछ।

तर आधारभुत तह मात्र सञ्चालित विद्यालयको हकम सोही तहबाट तहगत प्रतिनिधित्व हुने गरी छनोट गर्नुपर्ने छ।

(४) गाउँपालिकाको शिक्षा शाखा प्रमुख वा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ।

**(५) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः**

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरूमध्येबाट विद्यालयको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले मनोनित गरेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरूमध्येबाट एकजना महिलासमेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरुमध्येबाट सम्बन्धित गाउँपालिकाले मनोनित गरेको एकजना - सदस्य

(घ) गाउँपालिकाको शिक्षा शाखा प्रमुख - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) विद्यालय प्रधानाध्यापक - सदस्य सचिव

(५) उपदफा (१), (२क) र (४) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**१२.क. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-**

(क) विद्यालय सञ्चालनको लागि प्राप्त स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ कार्यापालिकाको कार्यालयलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) गाउँपालिकाको शिक्षा शाखाबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(छ) गाउँकार्यपालिकाको कार्यालयले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने,

(झ) गाउँपालिका शिक्षा समिति र वडा स्तरिय शिक्षा समितिले दिएको आदेश तथा निर्देशनहरूको पालना गर्ने,

(ञ) आफैले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ट) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने,

(ठ) शिक्षकले तोकिएको जिम्मेवारी, पदीय दायित्व र नियामानुसारको आचरण पालना नगरेमा दण्ड र सजायको लागि शिक्षा शाखामा सिफारिस गर्ने।

**१२.ख. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-**

(क) विद्यालय सञ्चालनको लागि प्राप्त स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने।

**१२.ग. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने**

(१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई गाउँ कार्यापालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समितिको समयावधि छ महिनाको हुनेछ।

**१३. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ। जसमा देहायका रकमहरु रहनेछनः

(क) नेपाल सरकारबाट प्रप्त अनुदान,

(ख) शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त अनुदान,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान,

(घ) शुल्कबाट आउने रकम,

(ङ) चन्दा वा दान दातव्यबाट प्रप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिएबमोजिम हुनेछ।

**१४. गाउँ कार्यपालिकाले निर्देशन दिन सक्नेः**

(१) **गाउँ कार्यपालिकाले** आवश्यकता अनुसार गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ।

**१५. गाउँ कार्यपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः**

(१) कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, गाभ्न, विद्यालयको नाम परिवर्तन गर्न, विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयको कक्षा थप गरी सञ्चालन गर्नको लागि गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम शिक्षा शाखाले अनुमति वा स्वीकृति दिन सक्नेछ।

**१६.विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्विकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति स्थानीय सरकारलाई अन्य विद्यालयको प्रयोगमा नआउने भएमा कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम गाउँ कार्यपालिकाको निर्णय बमोजिम सम्बन्धित गाउँपालिकाको कोषमा जम्मा गरिनेछ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइनेछैन।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ-संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पति प्राप्त गर्नु अघि गाउँ शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ।

तर विदेशी व्यक्ति वा संघ-संस्थाबाट त्यसरी चल-अचल सम्पत्ति प्राप्त गर्नुअघि नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम प्रप्त गरेको सम्पत्ति गाँउ कार्यपालिका कार्यालयको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन।

**१६.क. विद्यालयलाई छुट र सुविधाः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपम सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखित पारित गर्दा रजिष्ट्रेशन शुल्क लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखित पारित गर्दा पालिकालाले तोकिएको आधारमा रजिष्ट्रेशन शुल्कमा छुट दिन सक्नेछ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ।

**१६.ख. अनुमति वा स्वीकृति रद्ध गर्नेः**

(१) कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्ध गर्न सक्नेछ।

तर त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ । खारेजी उपर चित्त नबुझे न्यायिक समितिमा उजुरी लाग्नेछ ।

**१६.ग. विद्यालयको वर्गीकरणः** विद्यालयले तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

**१६.घ. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्नेः**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

**१७. शुल्क सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयहरुले विद्यार्थीको नाममा कुनैपनि शुल्क लिन पाउने छैन्।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि सामुदायिक विद्यालयहरुले कक्षा ११ र १२ तथा अङ्ग्रेजी माध्यमबाट पठनपाठन गर्दा कक्षा सञ्चालन सम्बन्धी शुल्क लिनुपर्ने अवस्था भएमा गाउँ कार्यापालिकाको निर्णय बमोजिम हुनेछ।

(३) संस्थागत विद्यालयहरुले शुल्क निर्धारणका लागि प्रत्येक वर्ष फाल्गुन मसान्त भित्रमा (विद्यार्थी भर्ना, मासिक, परीक्षा) शुल्क प्रस्ताव पेश गर्नु पर्नेछ।

(४) प्रस्तावित शुल्कको विषयमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम शुल्कको निर्धारण गर्नेछ।

(५) गाउँपालिकाले निर्धारण गरेबमोजिम पालिकाभित्र सञ्चालित सम्पूर्ण संस्थागत विद्यालयहरुले (विद्यार्थी भर्ना, मासिक, परीक्षा) शुल्क लिन सक्नेछ।

(६) यस ऐन विपरित शुल्क लिने विद्यलायलाई तोकिएको अधिकारीले पचिस हजार रूपैयासम्म जरिवाना गर्न सक्नेछ।

**१८. पालिकास्तरमा रहेका शिक्षक युनियन, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेसागत हकहितका सम्बन्धमा कार्य गर्न तोकिएबमोजिम एक शिक्षक युनियन रहनेछ।

(२) देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालय व्यवस्थापन समिति र वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा अनुगमन समितिको प्रतिवेदनको आधारमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकको निर्णय बमोजिम पद वा सेवबाट निलम्बन गरिनेछ :-

(क) पदीय दायित्व पूरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा,

**स्पष्टीकरणः** यस खण्डको कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय तह स्तारका कार्यकारिणी समिति सम्झनुपर्छ।

**१८.क. स्थायी आवासीय अनुमति सम्बन्धमाः** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचरचारी स्थायी आवासीय अनुमति लिनु वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन दिनु हुँदैन। स्थायी आवसीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गरिनेछ।

**१८.ख. सञ्चय कोष र बीमा बाहेक अन्य कुनै सुविधा सम्बन्धमाः** सञ्चय कोष र बीमा बाहेक अन्य कुनै सुविधा सम्बन्धी व्यवस्था प्रचलित शिक्षा ऐन बमोजिम हुनेछ।

**१९. शैक्षिक योग्यताः**

(१) विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिएबमोजिम हुनेछ।

२०. **दरबन्दी मिलान** : आवश्यक मापदण्डसहित विद्यार्थी /शिक्षक अनुपात निर्धारण गरी गाउँ शिक्षा समितिले प्रत्येक वर्षको चैत्रभित्र दरबन्दी मिलान गर्ने कार्य गर्नेछ। हाल रहेको शिक्षक जगेडा दरबन्दी यसै ऐन बमोजिम गाउँ कार्यपालिका मातहत रहनेछ।

**२०.क. शिक्षक विद्यार्थी अनुपात मिलाउनुपर्नेः** शिक्षा शाखाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्नेछ।

**२०.ख. शिक्षकलाई अन्य कामका लगाउन नहुनेः**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्रकृतिक प्रकोप उद्धार नेपाल सरकारले तोकेको अन्य कुनै काममा खटाउन सक्नेछ।

**२०.ग. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने**

(१) विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनः बहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ।

**२०.घ. शिक्षकको नियुक्ति, पदस्थापन, सरुवा र बढुवा :**

(१) विद्यालयमा रिक्त दरबन्दीमा स्थायी, अस्थायी, करार, राहत, शिक्षण अनुदानकोटा, विद्यालय कर्मचारी, बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र कार्यालय सहयोगीको नियुक्ति तोकिए बमोजिम हुनेछ।

(२) शिक्षकको सरुवा सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार शिक्षा शाखा प्रमुखले सरुवा सहमतिको सिफारिस दिन सक्नेछ।

तर पालिकाले दरबन्दी मिलान गर्दा वा विशेष कारणवश कुनै शिक्षकलाई कुनै विद्यालयमा बाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा नभएको भएतापनि कारण खुलाई गाउँ शिक्षा समितिको सिफारिसमा शिक्षा शाखा प्रमुखले पालिकाभित्र सरुवा गर्न बाधा पर्ने छैन।

(३) शिक्षकको सरुवा र बढुवा तोकिएबमोजिम हुनेछ।

**२०.ङ. प्रधानाध्यापक सम्बन्धीः**

(१) विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ।

(२) प्रधानाध्यापकको नियुक्ति प्रचलित ऐन र नियमको अधिनमा रही विद्यालय व्यवस्थापन समितिले गर्नेछ।

(३) प्रचलित ऐन र नियममा व्यवस्था भए बमोजिम शैक्षिक योग्यता र तहगत रुपमा स्थायी शिक्षक नभएको खण्डमा विद्यालय व्यवस्थापन समितिले सम्बन्धित विद्यालयको शिक्षकहरुमध्येबाट कुनै एकजना शिक्षकलाई निमित्त प्रधानाध्यापकको पदमा नियुक्त गर्न बाधा पर्ने छैन।

(४) प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ र निज पुनः सो पदमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा मात्र नियुक्त हुनेछ।

(५) प्रधानाध्यापकले आफूले गरेको कार्यदक्षता करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराब देखिएमा विद्यालय व्यवस्थापन समितिले निजलाई प्रधानाध्यापकको पदबाट जुनसुकै बखत हटाउन सक्नेछ।

. (६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तपनि सो उपनियम बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई एकपटक सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन्।

**२०.च. प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदान दिन सक्नेः** नेपाल सरकारले गाउँपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिएबमोजिम अनुदान दिन सक्नेछ।

**२०.च.१. प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्थाः** प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२०.छ. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्नेः**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तिमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउने पर्नेछ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, शिक्षा शाखाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेको अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ।

(३) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्ने आधार तोकिए बमोजिम हुनेछ।

**२०.ज. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने**

दफा २०ग. मा उल्लिखत अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन।

**२०.झ. कर्मचारी सम्बन्धी व्यवस्था :**

(१) सामुदायिक विद्यालयमा मन्त्रालयले स्वीकृत गरे बमोजिमको सङ्ख्यामा कर्मचारीको दरबन्दी रहनेछ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२१. बालबालिकालाई निष्कासन गर्न शारीरिक वा मानसिक दुर्व्यहार गर्न नहुने:**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यहार गर्न पाइने छैन।

**२२. शिक्षक तथा कर्मचारी एवं गाउँपालिकका निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरुका छोरा/छोरीको पठनपाठन सम्बन्धमाः**

(१) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी एवं गाउँपालिकका निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरुका छोरा/छोरी अनिवार्य रुपमा आधारभुत तह (कक्षा ८) सम्म सामुदायिक विद्यालयमा पठनपाठन गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम छोरा/छोरीलाई सामुदायिक विद्यालयमा पठनपाठन नगराउने जनप्रतिनिधि,शिक्षक तथा कर्मचारीहरुको तलब भत्ताबाट ६% रकम कट्टा गरिनेछ।

(३) उपदफा (२) बमोजिम शिक्षक तथा कर्मचारीको कट्टा भएको रकम विद्यालय कोषमा जम्मा गरी वि.व्य.स.को निर्णयानुसार विद्यालयको शैक्षिक सुधार, व्यवस्थापन एवं भौतिक पूर्वाधार निर्माणमा खर्च गर्ने एवं गाउँपालिकका निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरुको कट्टा भएको रकम गाउँपालिकाको कोषमा जम्मा गरी गाउँ कार्यपालिकाको निर्णय बमोजिम खर्च हुनेछ।

**२३. अनुमति नलिई शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्याक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्न नहुनेः**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा, वा पूर्व तयारी कक्षा वा बिदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिमको शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न गाउँ कार्यपालिकाको कार्यालयबाट अनुमति लिनुपर्नेछ।

**२४. प्रगति विवरण बुझाउनु पर्नेः** विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण सम्बन्धित गाउँपालिकाको शिक्षा शाखा कार्यालयमा बुझाउनुपर्नेछ।

**२५. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा नेपाल सरकारको प्रचलित शिक्षा ऐन बमोजिम दण्ड सजाय हुनेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोकिएबमोजिम सजाय हुनेछ :

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारी कार्य गरेमा,

(ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(घ) अरुको तर्फबाट परीक्षा दिएमा

(ङ) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृत बिना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(छ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(ज) कानुन विपरीतका अन्य कार्य गरेमा।

(३) कानुन बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको  मिति देखि मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्वित हुनेछन्।सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय हुनेछ।

२६.क. **पुनरावेदन** : तोकएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ।

२७. **शिक्षकको सरूवा** : शिक्षकको सरुवा तोकिए बमोजिम हुनेछ।

२८. **नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकले नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी सो नियमद्धारा खास गरी देहायका कुराहरुको व्यवस्था हुन सक्नेछ।

(क) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यार्थीलाई लाग्ने शुल्क र सो असुल गर्ने तरिका,

(ग) विद्यालयलाई दिने अनुदान,

(घ) विद्यालयको परीक्षा,

(ङ) विद्यालयको अत्तिरिक्त क्रियाकलाप र कार्यक्रमको निर्धारण,

(च) विद्यालयको शिक्षक तथा कर्मचारीको शपथ ग्रहण सम्बन्धी विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरिका र विद्यार्थीहरुको संख्या,

(छ) विद्यालयको सम्पतिको सुरक्षा,

(ज) विद्यालयको आय-व्ययको जाँच,

(झ) विद्यालयको किताब, बही र अन्य कागकात तयार गरी राख्ने तरिका,

(ञ) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री,

(ट) शिक्षक तथा विद्यार्थीहरुको आचारसंहिता,

(ठ) विद्यालयको पुस्ताकलय र वाचनालय,

(ड) शिक्षण तथा विद्यालय व्यवस्थापन तालिम,

(ढ) प्रधानाध्यापकको नियुक्तिको लागि आवश्यक पर्न योग्यता, काम, कर्तव्य र अधिकार तथा सुविधा,

(ण) विद्यालयको शिक्षकहरुको सेवा शर्त सम्बन्धी,

(त) विषय शिक्षा, अनौपचारिक शिक्षा र दूर शिक्षा तथा खुला शिक्षा,

(थ) विद्यालय कोष

(द) विद्यार्थी सल्लाह तथा निर्देशन सम्बन्धी,

(ध) संस्थागत विद्यालय सम्बन्धी, कोचिङ क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षा सम्बन्धी,

(न) अन्य आवश्यक कुराहरु,

**२९. निर्देशिका बनाउन सक्नेः**

(१) यस ऐनको कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक निर्देशिका बनाइ लागू गर्न सक्नेछ।

**२९.क. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआए सम्म गाउँकार्यपालिकाले गर्न सक्नेछ।

**३०. बाधा अड्कन हटाउन सक्ने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा स्थानीय सरकारले त्यस्ता बाधा अड्काउ हटाउन गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश ऐनमा परेसरह मानिनेछ।

**३१. बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल सरकारको कानुन बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्ट्राचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन।

(३) यो ऐन र यस ऐन बमोजिम बनेको नियमावली मिक्लाजुङ गाउँपालिकाको क्षेत्र भरि लागु हुनेछ।

(४) मिक्लाजुङ गाउँपालिका शिक्षा ऐन,२०७५ र शिक्षा नियमावली,२०७५ खारेज गरिएको छ।

आज्ञाले

अग्नि प्रसाद चम्लागाई

नि. प्रमुख प्रशासकीय अधिकृत